**नेपाल नागरिक उड्डयन प्राधिकरण**
## नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान
**सानोठिमी, भक्तपुर**

## Basic ARFF Course – 016 को Physical Fitness परीक्षा संचालन सम्बन्धी सूचना

मिति २०८२/०६/०८

यस प्रतिष्ठानद्वारा Basic Aerodrome Rescue and Fire Fighting Course (ARFF-016) को प्रशिक्षार्थी छनौटका लागि प्रकाशित विज्ञापन नं. ६/०८१/०८२, ७/०८१/०८२, ८/०८१/०८२, ९/०८१/०८२ र १०/०८१/०८२ मा दरखास्त पेश गर्नु हुने उम्मेदवारहरुको Physical Fitness Assessments, Physical (Bodily) Measurement and Grading र Physical Efficiency Test सम्बन्धी प्रयोगात्मक परीक्षा श्री राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगञ्जमा देहायको मिति र समयमा सञ्चालन हुने हुँदा तोकिएको समय भन्दा एक घण्टा अगावै परीक्षामा स्पोर्टस् सुज (Sports Shoes), टिसर्ट, हाफ पाइन्ट वा ट्राउजर समेत प्रयोग गर्न सक्ने गरी उपस्थित हुन सम्पूर्ण उम्मेदवारहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

| सि.नं | मिति | रोल नं. | समय | स्थान |
|---|---|---|---|---|
| १ | २०८२/०६/२४ | १ देखि ११७ सम्म | विहान ०८:०० बजे देखि १२:०० बजे सम्म | श्री राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगञ्ज। |
| २ | २०८२/०६/२४ | ११८ देखि २३४ सम्म | दिउँसो ०२:०० बजे देखि ०५:०० बजे सम्म | |
| ३ | २०८२/०६/२५ | २३५ देखि ३५१ सम्म | विहान ०८:०० बजे देखि १२:०० बजे सम्म | |
| ४ | २०८२/०६/२५ | ३५२ देखि ४६८ सम्म | दिउँसो ०२:०० बजे देखि ०५:०० बजे सम्म | |

उक्त परीक्षामा सहभागी हुने उम्मेद्वारहरुले अनिवार्य रुपमा प्रबेश पत्र र नागरिकता वा परिचय खुल्ने अन्य आधिकारिक कागजात सहित निर्धारित समय र स्थानमा उपस्थित हुनुपर्ने छ। निर्धारित समयमा उपस्थित नहुने उम्मेदबारहरुलाई परीक्षामा सहभागी गराउन बाध्य हुने छैन। Physical Fitness Assessment र Physical Measurement Test उत्तीर्ण गरेका उम्मेदबारहरुलाई मात्र Physical Efficiency Test मा सहभागी गराइनेछ। त्यसरी नै Physical Efficiency Test उत्तीर्ण गरेका उम्मेदबारहरुलाई मात्र श्री लोकसेवा आयोगबाट पछि संचालन हुने लिखित परीक्षामा सहभागी गराइनेछ। यस सम्बन्धमा थप जानकारीको लागि यस प्रतिष्ठानको टेलिफोन नम्बर ०१-५६३९४०४/५६३९७०८ मा सम्पर्क राख्न सकिनेछ। यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.gov.np र नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानको Website: www.academy.caanepal.gov.np मा पनि हेर्न सकिनेछ।

नोटः उम्मेदवारहरुले आफ्नो User Id र Password प्रयोग गरी Online System बाट प्रबेश पत्र Print गर्नु होला।